# सत्य निरुपण तथा मेलमिलाप आयोग नेपालबाट जारी भएको

# प्रेश विज्ञप्ती

मिति: २०७२/१०/२४

सत्य निरुपण तथा मेलमिलाप आयोगले आज मिति २०७२ साल माघ २४ गते सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा माननीय शान्ति तथा पुनर्निर्माण मन्त्रीज्यू मार्फत आयोगले हालसम्म गरेको काम कारवाहीको विवरण, आयोगका चुनौती तथा भावी कार्ययोजना सहितको अन्तरिम प्रतिवेदन नेपाल सरकारलाई बुझाएको छ ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१/१०/२७ को निर्णयानुसार राज्य पक्ष र तत्कालीन नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्वको क्रममा नि:शस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनावद्ध रुपमा गरिएको मानव अधिकारको गंभीर उल्लघंन सम्वन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने, पीडक र पीडित बीच मेलमिलाप गराउने तथा पीडितलाई परिपूरण गर्न र क्षमादानमा नपरेका पीडकलाई कानूनी कारवाही गर्नका लागि सिफारिश गर्ने उदेश्यले स्वतन्त्र, निष्पक्ष, जवाफदेही र उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन भएको हो ।

यस आयोगले मुख्य रुपमा आयोगको वैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७१, सत्य निरुपण तथा मेलमिलाप आयोगको आचार संहिता, २०७२, सत्य निरुपण तथा मेलमिलाप आयोगको संगठन र व्यवस्थापन सर्वेक्षण, आयोगको संवाद, परामर्श तथा सञ्चार नीति, २०७२, आयोगलाई पीडित, बालबालिका, वृद्ध, अपाङ्ग र महिला मैत्री बनाउने सम्बन्धी कार्यविधि, २०७२ जारी गरिसकेको छ । सत्य निरुपण तथा मेलमिलाप आयोगको नियमावलीको मस्यौदा तर्जुमा गरी नेपाल सरकार समक्ष पेश गरिसकेको छ । सत्य निरुपण तथा मेलमिलाप आयोगले **"न्याय, मेलमिलाप र परिपूरण-दीगो शान्तिका लागि सत्य निरुपण"** भन्ने आफ्नो नारा तय गरी सत्य निरुपण तथा मेलमिलाप आयोग एक परिचय, आयोगबाट अनुसन्धान गरिने बलात्कार तथा यौनजन्य हिंसा सम्बन्धी जानकारी, सत्य निरुपण प्रक्रिया सम्बन्धी जानकारी र सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी संक्षिप्त जानकारी जस्ता प्रचार-प्रसार सामग्री प्रकाशन गरी आयोगको काम, कर्तव्य र अधिकारको प्रचार-प्रसार प्रारम्भ गरी निरन्तरता दिएको छ । त्यसै गरी आयोगले (www.trc. gov.np वेभसाइट र १६६००१०००२० (Toll free) (पैसा नलाग्ने) नम्बर समेत सञ्चालनमा ल्याइसकेको छ । त्यसै गरी आयोगको बारेमा जानकारी दिने सूचना रेडियो नेपालबाट प्रशारण गर्दै आएको छ ।

२०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिका शक्तिशाली पराकम्पहरु तथा भारतले अघोषित रुपमा लगाएको नाकावन्दीले यस आयोगका काम कारवाहीहरु समेत प्रभावित हुन पुगेको यहाँहरुलाई विदितै छ । यसका वावजुद पनि आयोगले ५२ जिल्लाका द्वन्द्व पीडितहरु, कार्यालय प्रमुख, नागरिक समाज र पत्रकारहरुसँग छुट्टाछुट्टै अन्तर्क्रियासम्पन्न गरिसकेको छ । त्यसैगरी यस आयोगले द्वन्द्व पीडितसँग सम्बन्धित संघ संस्थाहरु र मानवअधिकारवादी संघसंस्थाहरुसँग पनि छुट्टाछुट्टै छलफल तथा अन्तर्क्रियासम्पन्न गरिसकेको छ ।

मानवअधिकारको गंभीर उल्लघंनका घटनाहरुको अनुसन्धान तथा छानविन गर्न स्थलगत अवलोकन र निरीक्षण गर्ने, साक्षी प्रमाण बुझ्ने, वयान वकपत्र गराउने जस्ता कार्यहरु प्रभावकारी र सहज रुपमा सञ्चालन गर्न आवश्यक पर्ने वजेट नेपाल सरकारबाट पर्याप्त मात्रामा विनियोजन नहुनु, यस आयोगको क्षेत्राधिकार र गाम्भिर्यतालाई कतिपय सरकारी निकाय र राजनीतिक दलले बुझ्न नसक्नु, मानवअधिकारका गंभीर उल्लघंन भित्र पनि गंभीर अपराधका

परिभाषा नहुनु, आयोगका क्षेत्राधिकार भित्रका अपराधका सम्बन्धमा स्पष्ट हदम्यादको व्यवस्था नहुनु जस्ता विषयहरु आयोगका लागि चुनौतीका रुपमा रहेका छन् । यसैगरी द्वन्द पीडितहरुलाइ सर्वसुलभ तरिकाले उजुरी लगायतका सेवा प्रदान गर्न क्षेत्रिय जिल्ला र गाविसस्तरीय सम्पर्क कार्यालय स्थापना गर्नु अपरिहार्य देखिएको छ । निष्पक्ष र प्रभावकारी सम्पर्क कार्यालय स्थापना अर्को चुनौती देखिएकोछ ।

सरोकारवालाहरुसँग अन्तर्क्रिया, राय-सुझाव संकलन गर्ने कार्यलाई निरन्तरता दिने, नेपाल सरकारबाट नियमावली जारी भएपछि र जिल्लास्तरीय सम्पर्क कार्यालय स्थापना गरेपछि पीडितहरुलाई उजुरी गर्न आह्वान गरी सत्य अन्वेषण र छानविन गर्ने कार्य अविलम्ब प्रारम्भ गरी संक्रमणकालिन न्याय व्यवस्थापन गर्ने आयोगको भावी कार्ययोजना रहेको छ ।

**धन्यवाद !**

**डा. माधवी भट्ट**
**(प्रवक्ता)**
**सत्य निरुपण तथा मेलमिलाप आयोग, काठमाडौं ।**